**Press Release**

मिति २०७६।०२।२४ गते।

# ५ नं. प्रदेश प्रहरी कार्यालय तुलसीपुर दाङ

## प्यूठानमा ४ जना लुटेरा पक्राउ :

मिति २०७६।०२।२२ गते अन्दाजी १६:०० बजेको समयमा जिल्ला प्यूठान झिमरुक गाउँपालिका वडा नं. ०६ दहखोला घर भई सुर्योदय लघु सहकारी संस्था खाल प्यूठानको कर्मचारी बर्ष २३ की सुशिला के.सी.ले महिला सहकारी समुहबाट बचत भएको रु. ३,१२,५६०।– रुपैयाँ लगी सुर्योदय लघु सहकारी संस्था खाल प्यूठानमा जम्मा गर्न जाने क्रममा स्वर्गद्वारी नगरपालिका वडा नं. २ नयाँगाउँ तिम्लेचौर स्थित जंगलमा २ जना अपरिचित पुरुष व्यक्तिहरुले निज महिलालाई कपडाले मुखमा छोपि खोलामा लडाई निजको साथमा भएको नगद रु. ३,१२,५६०।– रुपैयाँ लुटी फरार भएको घटना सम्बन्धमा खोजतलास गर्दै जाँने क्रममा मिति २०७६।०२।२३ गते जिल्ला प्रहरी कार्यालय प्यूठानबाट प्रहरी नायव उपरीक्षक निर्मल बुढाथोकीको कमाण्डमा खटिएको प्रहरी टोलिले अन्दाजी १६:०० बजेको समयमा नगद रु. ३,१२,५६०।– सहित स्वर्गद्वारी नगरपालिका वडा नं. २ बाट लुटपाटमा संलग्न निम्न ४ जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको छ।

**पक्राउ परेका व्यक्तिहरु :**

१. जिल्ला प्यूठान स्वर्गद्वारी नगरपालिका वडा नं. २ बस्ने बर्ष २२ को जीवन हमाल,
२. ऐ.ऐ. बस्ने बर्ष १७ को निरज बि.क.,
३. ऐ.ऐ. बस्ने बर्ष १७ को कुशल सेन,
४. ऐ.ऐ. बस्ने बर्ष २५ को निरध्वज सेन ठकुरी।


**प्रवक्ता**
**(नवराज पोखरेल)**
**प्रहरी नायव उपरीक्षक**
**९८५७८२५२९९**


मिति :-२०७६।०२।२४ गते।